## दोस्रो र तेस्रो शिफ्ट कर्मचारी सम्मान कार्यक्रम – १७५ औं वार्षिकोत्सवको उत्सव

बुधबार, अप्रिल १०, २०२३ को राति १०:३० बजेबाट १२:३० बजेसम्म *Union South* को *Varsity Hall* मा दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूलाई सम्मान गर्न विशेष कार्यक्रम घोषणा गर्न *UW–Madison* उत्साहित छ।

यस कार्यक्रमले दिनको समयमा क्याम्पसमा अध्ययन गर्ने, अनुसन्धान गर्ने र काम गर्नेहरूका लागि परिचालनहरू राम्रोसँग चल्ने कुरा सुनिश्चित गर्न पर्दा पछाडि काम गर्ने यी अत्यावश्यक कर्मचारीहरूको योगदानलाई सम्मान गर्नेछ।

सहभागीहरूका लागि बफे खाने, सहकर्मीहरूसँग रमाईलो गर्ने र *Bucky* सँग फोटो खिचाउने समय मिल्नेछ। *Lot* 13 (पार्क गर्न मिल्ने ठाउँहरूमा), 33, 45, 54, र 56 मा राति ९:३० बजेदेखि १ बजेसम्म नि:शुल्क पार्किङ्ग पाइनेछ।

“यस कार्यक्रमले हाम्रो उद्देश्यको समर्थनमा हाम्रो क्याम्पस सुचारु रूपमा चल्ने सुनिश्चित गर्न काम गर्ने कर्मचारीहरूको प्रतिबद्धतालाई स्वीकार र सम्मान गर्दछ,” अर्थ र प्रशासनका उपकुलपति Rob Cramer ले भन्नुभयो। “यस कार्यक्रम *UW–Madison* ले प्रत्येक दिन दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूले गर्ने उत्कृष्ट कामको लागि धन्यवाद दिन सक्ने तरिकाहरू मध्ये एक हो।”

यस सम्मान कार्यक्रम नेतृत्वले कर्मचारीहरूलाई विश्वविद्यालयप्रतिको समर्पण र प्रतिबद्धताका लागि धन्यवाद दिन आयोजना गरेको छ। यस कार्यक्रम *University of Wisconsin* को १७५ औं वार्षिकोत्सव मनाउन वर्षभरि मनाइने उत्सवको हिस्सा पनि हो। सन् १८४८ मा खुलेदेखि *UW–Madison* एक निरन्तर अगुवा भएको छ, जसले उच्चस्तरीय खोजहरूदेखि सांस्कृतिक क्षणहरू परिभाषित गर्ने सबै कुराहरूमा नेतृत्व गरेको छ।

स्पैनिश, मङ्ग, तिब्बती, चिनियाँ र नेपाली भाषाहरूमा अनुवादहरू प्रदान गरिनेछ। यस कार्यक्रममा अङ्ग्रेजी भाषाको प्रत्यक्ष उपशीर्षक अनुवादन पनि हुनेछ। यदि तपाईंलाई अन्य व्यवस्थाहरू आवश्यक भएमा, कृपया vcfa@vc.wisc.edu मा अर्थ र प्रशासन कार्यालयमा सम्पर्क गर्नुहोला।

*Union South* मा बिजुलीबाट खुल्ने ढोकाहरूको बटन थिचेर व्हीलचेयर पहुँचयोग्य छ। सबै तल्लाहरूसम्म लिफ्टहरू पुग्दछन् र पहुँचयोग्य बाथरूमहरू पनि उपलब्ध छन्।

कर्मचारीहरूले कामको तलब कमाउने समयमा उपस्थित हुन पाउनुहुनेछ। सो समयमा काम नभएका कर्मचारीहरू पनि उपस्थित हुन सक्नुहुनेछ तर उपस्थित भए बापत तलब आउँदैन।

हामीसँग सामेल हुन चाहनुहुने कर्मचारीहरूले आफ्नो सुपरभाईजरसँग कुराकानी गर्नुपर्नेछ र सुपरभाईजरहरूले सबै कर्मचारीहरू सामेल हुन सक्नुहुनको लागि योजना बनाउन र लचिलोपना देखाउनुहुने अपेक्षा गरिन्छ।